## एक मेगावाट सम्मको जलविद्युत आयोजनाको विकास सम्बन्धी निर्देशिका, २०७५

स्वीकृत मिति २०७५।३।१५

पृष्ठभूमिः यो स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उप दफा १ बमोजिम स्थानीय निकायबाट १ मेगावाट (१००० किलोवाट) भन्दा कम क्षमताका आयोजनाको सर्वेक्षण, उत्पादन, प्रसारण एवम् वितरणको अनुमतिपत्र जारी गर्ने उद्देश्यले तयार गरिएको निर्देशिका हो ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस निर्देशिकाको नाम "एक मेगावाट सम्मको जलविद्युत आयोजनाको विकास सम्बन्धी निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो निर्देशिका विद्युत उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षणको अनुमतिपत्र तथा विद्युत उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र जारी गर्ने वा संशोधन गर्ने वा नवीकरण गर्ने वा खारेज गर्ने काम कारवाही वा निर्णय प्रकियामा लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(१) "नियमावली" भन्नाले विद्युत नियमावली, २०५० सम्झनु पर्छ ।

(२) "आयोजना" भन्नाले विद्युत उत्पादन, प्रसारण वा वितरण सम्बन्धी आयोजना सम्झनु पर्छ ।

(३) "कार्यालय" भन्नाले सम्बन्धित स्थानीय निकायको कार्यालय सम्झनु पर्छ ।

(४) "विभाग" भन्नालेविद्युत् विकास विभाग सम्झनु पर्छ ।

(५) "प्रवर्द्धक" भन्नाले कुनै आयोजनाको अनुमतिपत्रको लागि दरखास्त दिएका वा अनुमतिपत्र प्राप्त गरेका व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

(६) "निर्देशिका" भन्नाले एक मेगावाट सम्मको जलविद्युत आयोजनाको विकास सम्बन्धी निर्देशिका, २०७५ सम्झनु पर्छ ।

(७) "आधिकारिक व्यक्ति" प्रवर्द्धक कोतर्फबाट सम्पर्क वा पत्राचार गर्न सञ्चालक समितिलेतोकेकोआधिकारिक व्यक्ति सम्झनुपर्दछ ।

## सर्वेक्षणको अनुमति सम्बन्धी व्यवस्था

३. १००० कि.वा.सम्मको क्षमताका आयोजनाहरुको विद्युत उत्पादन/प्रसारण/वितरण को सर्वेक्षणको अनुमतिपत्र सम्बन्धी व्यवस्थाः

(१) कुनै विद्युत आयोजनाको सर्वेक्षण गर्न चाहने प्रवर्द्धकले विद्युत उत्पादनको सर्वेक्षणको अनुमतिपत्र प्राप्त गर्न देहाय बमोजिमको कागजात तथा विवरणहरु सहित नियमावलीको अनुसुची १ मा तोकिएको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ ।

**(क)** विद्युत उत्पादनको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्तसाथ रु. २.५ लाख प्रति वर्षका दरले एकमुष्ट रु. ५ लाख अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ । अनुमतिपत्र प्रदान नगर्ने निर्णय भएमा उक्त दस्तुर प्रवर्द्धकलाई फिर्ता गरिनेछ ।

**(ख)** दरखास्तका साथ, अध्ययन कार्य गर्न लाग्ने अनुमानित खर्चको डिटेल कष्ट ब्रेक डाउन (Detail Cost Breakdown), कार्यतालिका (अध्ययन सम्पन्न गर्न र शुरुको २ वर्षमा गर्ने अध्ययनको कार्य सहित) आयोजनाको हाईड्रोलोजिकल विश्लेषण आदि खुल्ने गरी तयार पारेको डेस्कस्टडी रिपोर्ट (परामर्श दातृ संस्थाबाट प्रमाणित) । साथै नापी विभागद्वारा प्रकाशित १:२५,००० वा १:५०,००० स्केलको स्थलरुप नक्शामा अक्षांश र देशान्तर खुल्ने गरी आयोजनाको लागि आवश्यक क्षेत्र तथा जलाधार क्षेत्र र आयोजनाको संरचनाहरु समेत रेखाङ्कन गरिएको स्थलरुप नक्सा पेश गर्नु पर्नेछ,

**(ग)** संस्थाले दरखास्त दिँदा संस्थादर्ताको प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, संस्थाको प्रबन्धपत्र तथा नियमावली र कर चुक्ता वा दाखिलाको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि,

अम्बिका रेगुभाल
नगर प्रमुख

(घ) उपदफा (३) बमोजिम आर्थिक क्षमता प्रमाणित हुने कागजात विवरण,
(ङ) उपदफा (४) बमोजिम प्राविधिक क्षमता प्रमाणित हुने कागजात विवरण,
(च) प्रवर्द्धक को तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक व्यक्तिको विवरण (सञ्चालक समितिको निर्णयबाट तोकिएको), पत्राचार गर्ने स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन नं. (कार्यालय, निवास), मोबाइल नं., फ्याक्स नं., पो.ब.नं., तथा इमेल ।

## क्षमता निर्धारण सम्बन्धमा

(२) जलविद्युत आयोजनाकोहकमा देहायको आधारमा जडित क्षमता निर्धारण गरिनेछ :

(क) कार्यालयले अनुमतिपत्र माग गरिएको आयोजनाको जडित क्षमता निर्धारण गर्न प्रवर्द्धकले उपलब्ध गराएको हाइड्रोलोजिकल टाइम सिरिज डाटाको (Probability of Exceedance) प्रोब्याबिलिटी अफ एक्सिडेन्स Q45 (क्यू फोर्टी फाइभ) लाई सामान्यतया आधार बनाउनेछ ।
(ख) प्रवर्द्धकले पेश गरेको हाइड्रोलोजिकल तथ्यांङ्क कार्यालयमा उपलब्ध आधिकारिक तथ्याङ्कसंग तात्विक रुपमा फरक परेको पाईएमा कार्यालयमा उपलब्ध तथ्यांकलाई आधार मानी सम्बन्धित आयोजनाको जडित क्षमता निर्धारण गर्नेछ ।
(ग) यसरी कुनै आयोजनाको जडित क्षमता निर्धारण गर्दा कार्यालयले जलस्रोतको उपयोग, विद्युत बजारको उपलब्धता र लगानीको अधिकतम प्रतिफललाई समेत आधार मानी अनुसुची १ मा निर्दिष्ट गरेको विधी अनुसार क्षमता निर्धारण गर्नेछ ।
(घ) प्रवर्द्धकले दरखास्तमा माग गरेकोजडित क्षमताभन्दा कार्यालयबाट निर्धारण भएकोजडित क्षमता एक मेगावाटभन्दा बढी हुन आएमा पेश भएकोदरखास्त रद्द गरि सोकोजानकारी प्रवर्द्धक लाई गराइनेछ ।

(३) प्रवर्द्धकले आफ्नो आर्थिक क्षमता वा हैसियत प्रस्तुत गर्न कार्यालय समक्ष निम्न कागजातहरु पेश गर्नु पर्नेछ :

(क) दर्तावाल (Registered) चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएकोकम्तिमा रु. दश लाख बराबरको खुद सम्पत्ति (नेट वर्थ) रहेको विवरण ।
(ख) एकभन्दा बढी आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेको हकमा त्यस्तो प्रवर्द्धकले माग गरेको थप आयोजना कार्यान्वयन गर्न सक्ने अतिरिक्त आर्थिक क्षमता ।

(४) प्रवर्द्धकले आफ्नो प्राविधिक क्षमता प्रस्तुत गर्न देहाय बमोजिमका कागजात विवरणहरु कार्यालय समक्ष पेश गर्नु पर्नेछ :

(क) प्रचलित कानून बमोजिम नेपालमा दर्ता भएको परामर्शदातृ संस्थासँगको सम्झौतापत्र, परामर्शदातृ संस्थाको प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र एवं प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि

(५) दरखास्तको प्राथमिकता क्रम तथा रितपूर्वक नभएको र माग भएको कागजात समयभित्र पेश नगर्ने प्रवर्द्धक हरुको दर्खास्त सम्बन्धमा :

(क) कार्यालयले रितपूर्वक दर्ता भएको पहिलो दरखास्तलाई कारवाहीको क्रममा पहिलो प्राथमिकता दिनेछ ।
(ख) कार्यालयमा परेको दर्खास्त उपदफा (१),(२),(३),(४) र ६) बमोजिम चेक जाँच गर्दा उल्लिखित आवश्यक सम्पूर्ण कागजात तथा विवरणहरु प्राप्त नभएसम्म त्यस्ता दर्खास्त उपर स्थानिय निकायले कारवाही अगाडि बढाउने छैन ।दर्खास्तसाथ पेश गर्नु पर्ने सम्पूर्ण कागजात तथा विवरणहरु पेश गर्न १५ (पन्ध्र) दिनको समयावधि प्रदान गरिनेछ । उक्त समयावधि भित्र कागजात् पेश नगर्ने प्रवर्द्धकको दर्खास्त रद्द गरिनेछ ।

(६) सर्वेक्षण अनुमतिपत्रको अवधि :

(क) विद्युत उत्पादन, प्रसारण तथा वितरणको सर्वेक्षण अनुमतिपत्रको अवधि अधिकतम ३


नगर प्रमुख

(तीन) वर्षको हुनेछ ।
(ख) प्रवर्द्धकलाई पहिलो पटक सर्वेक्षणको अनुमतिपत्र जारी गर्दा २ (दुई) वर्षको अवधिभन्दा कम हुने गरी जारी गरिने छैन ।शुरुको अवधिभित्र सर्वेक्षणको कार्य सम्पन्न नभएको अवस्थामा बहाल म्यादभित्रै प्रवर्द्धकले अर्को १ (एक) वर्षको नवीकरणको लागि दर्खास्त दिएमा सो अनुसार नवीकरण गर्न सकिनेछ ।
(ग) अनुमतिपत्रको नवीकरणको लागि म्याद समाप्त हुनु अगावै कार्यालयमा दरखास्त दिनु पर्नेछ । सो समयावधिभित्र नवीकरणको लागि दरखास्त नपरेमा उक्त अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(७) सर्वेक्षण अनुमतिपत्रको नवीकरण :

(क) सर्वेक्षण अनुमति पत्रको नवीकरणको लागि अनुमतिपत्रको अवधि भित्रै म्याद थपकोलागि रु. २.५ लाख दस्तुर सहित निवेदन पेश गर्नु पर्नेछ ।
(ख) अनुमतिपत्रको लागि दरखास्त दिंदा यस निर्देशिकाको अनुसूची – २ बमोजिम भरिएको फारामहरु तथा विगतमा पेश गरेको कार्यतालिका अनुसारको कार्य प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ । कार्यतालिका बमोजिम निर्धारित कार्यहरु तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेमा सोको कारण र औचित्य समेत उल्लेख गर्नु पर्नेछ ।
(ग) अनुमतिपत्रको नवीकरण गर्ने प्रयोजनको लागि आयोजनाको पछिल्लो अवधिको कार्य प्रगतिलाई नै मुख्य आधार मानिनेछ ।प्रवर्द्धकले पेश गरेको कार्य प्रगति सन्तोषजनक नभएको देखिएमा वा कार्यालयले आवश्यक ठानेमा आयोजनाको प्रगति सम्बन्धमा प्रवर्द्धकबाट प्रस्तुतीकरण गर्न लगाउने वा कार्यालयले आफ्नो मातहतका कर्मचारी खटाई आयोजनाको स्थलगत निरीक्षण गराउन सक्नेछ ।
(घ) माथि उल्लिखित कुनै प्रक्रियाबाट आयोजनाको कार्य प्रगति सन्तोषजनक नदेखिएमा त्यस्तो आयोजनाको लागि जारी गरिएको अनुमतिपत्रको नवीकरण गरिने छैन ।

(८) प्रवर्द्धकको माग हेरी आवश्यकता र औचित्यताका आधारमा एकै पटक विद्युत उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षण अनुमतिपत्र जारी गर्न सकिनेछ ।

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

(४) १००० कि.वा. सम्मको क्षमताका आयोजनाहरुको विद्युत उत्पादन/प्रसारण/वितरणको अनुमतिपत्र सम्बन्धी व्यवस्थाः

(१) कुनै विद्युत आयोजनाको निर्माण गर्न चाहने प्रवर्द्धकले विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गर्न सर्वेक्षण अनुमतिपत्र बहाल रहेको अवधि भित्रै देहाय बमोजिमको कागजातहरु सहित नियमावलीको अनुसूची –१ बमोजिमको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ :

(क) विद्युत उत्पादनको अनुमतिपत्रको लागि दरखास्तसाथ रु. १ लाख अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ ।
(ख) उपदफा २ बमोजिमको वित्तीय व्यवस्था सम्बन्धी विवरण,
(ग) घर जग्गाको उपयोग वा परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यकसरकारी वाहेर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गा धनीहरुको लगत,
(घ) आवश्यकतानुसार स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन ९भ्क्ष्व्० प्रतिवेदन
(ङ) उपदफा ३ बमोजिमकोप्रवर्द्धक कम्पनीसँग सम्बन्धित कागजात,
(च) बहाल रहेकोविद्युत ९ खरिद बिक्रीको सम्झौता वा कनेक्शन एग्रिमेन्ट,
(छ) ग्रीडमा आबद्ध नगरी ग्रामिण विद्युतीकरण गर्ने भएमा विद्युतीकरण हुनेक्षेत्र तथा ग्राहकको विवरण र
(ज) देहायका विवरणहरुः
(१) आयोजना क्षेत्रको प्रमुख संरचनाको रेखाङ्कन तथा coordinate सहितको नक्सा

टोपो नक्शा,

(२) निर्माण कार्यको विस्तृत तालिका,

(३) आयोजनाको सम्भाव्यता अध्ययन/विस्तृत इन्जिनियरिङ्ग डिजाइन र डिजाइन नक्साहरु (Design Drawings) तथा सोको विद्युतीय प्रति (Electronic Copy),

(४) अद्यावधिक शयेर लगतको विवरण र सोको विद्युतीय प्रति (Electronic Copy)

(२) वित्तीय व्यवस्था सम्बन्धी आवश्यक कागजातहरु देहाय बमोजिमका हुनेछन् ।

(क) आयोजनामा हुने स्वपूंजी र ऋणको लगानी अनुपात खुल्ने जानकारी/विवरण,

(ख) कम्तीमा अघिल्ला दुई आ. व. मध्ये एक आ. व. को लेखा परीक्षण गरिएको वित्तीय विवरण (Audited Financial Statement),

(ग) आयोजनाको स्वपूंजी बराबरको कम्पनीको नेटवर्थ वा सोही बराबरको शयेर होल्डरहरुको स्वपूंजी लगानी गर्ने क्षमता पुष्टी हुने बैंक स्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण वा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासँग भएको सम्झौता तथा इच्छुकव्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि हुने दर्तावाल (Registered) चार्टड एकाउण्टेण्टबाट प्रमाणित कागजात । बैंक स्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण दर्तावाल (Registered) चार्टर्ड एकाउण्टेण्टबाट प्रमाणित भएको हुनुपर्नेछ ।

(घ) शेयर पूँजीमा लगानी गर्ने प्रतिवद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपी,

(ङ) आयोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुसँगको ऋण सम्झौता वा ती संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिवद्धता ।

(३) प्रवर्द्धक कम्पनीसंग सम्बन्धित कागजातहरु

(क) कम्पनी दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली,

(ख) स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र,

(ग) कम्पनीको अद्यावधिक शयेर लागत अभिलेख,

(घ) अघिल्ला दुई आ.व. मध्ये एक आ.व.को कर चुक्ता प्रमाणपत्र अथवा कर दाखिला गरेको प्रमाण,

(ङ) उद्योग दर्ताको प्रमाणपत्र, वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत ।

(४) विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रमा कायम रहेको जडित क्षमता नै विद्युत उत्पादनको अनुमतिपत्रमा कायम गरिनेछ । तर Hydrology, Power Evaluation लगायतका कारणले फरक क्षमताको लागि विद्युत खरीद बिक्री सम्झौता (PPA) वा जडान सम्झौता (Connection Agreement) भएको अवस्थामा संशोधित संभाव्यता अध्ययन प्रतिवेदन तथा आवश्यकता अनुसार संशोधित स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएपश्चात् सोही क्षमताको लागि विद्युत उत्पादनको अनुमतिपत्रको कारवाही अगाडि बढाइने छ । यस अवस्थामा आयोजनाको क्षमता १ मेवा भन्दा बढी हुने देखिएमा उक्त दरखास्तको कार्यवाहीको लागी विभागमा पठाईनेछ ।

(५) विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएकै प्रवर्द्धक को नाममा विद्युत उत्पादनको अनुमतिपत्र प्रदान गरिनेछ । तर व्यक्तिको नाममा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएकोर निजले आफुसमेत संलग्न रहेकोकम्पनीको नाममा जारी गर्न माग गरेमा विद्युत उत्पादनको अनुमतिपत्र जारी गर्न कार्वाही गर्न सकिनेछ ।

(६) प्रवर्द्धकको माग हेरी आवश्यकता र औचित्यताका आधारमा एकै पटक विद्युत उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र दिन सकिनेछ ।

(७) विद्युत उत्पादनको अनुमतिपत्र जारी भएको मितिले तीन वर्षभित्र निर्माण सम्पन्न गर्नु पर्नेछ । १ (एक) वर्षभित्र निर्माण शुरु नभएको पाइएमा उत्पादनको अनुमतिपत्र रद्द गर्न सकिनेछ ।

(८) विद्युत उत्पादनको अनुमतिपत्रको अवधि ३५ वर्ष रहनेछ । उक्त अवधि समाप्त भएपछि

नगरपालिकाका प्रमुख

आयोजना चालु अवस्थामा नै नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(९) रोयल्टी स्थानीय सरकारले तोकिए बमोजिम तिर्नुपर्ने ।

## (५) आयोजनाको क्षमता एवं क्षेत्र निर्धारण सम्बन्धमा

(१) माथि जुनसुकै कुरा लेखिएको भएतापनि अनुमतिपत्र माग गरी पेश गरेको दरखास्त साथ माग भएको क्षेत्रमा आयोजनाको क्षमता, आयोजना प्रस्ताव गरी विभागमा कुनै दरखास्त परे नपरेको, वा केन्द्रिय स्तरमा कुनै आयोजना पहिचान भए नभएको एकिन गर्नका लागी कार्यालयलेमाग गरेकोक्षेत्र खुलाई Technical Clearance का लागि सो सम्बन्धमा विभागको राय लिनुपर्ने छ । विभागले आयोजनाको Technical Clearance सम्बन्धमा दिएको राय एवं निर्देशानुसार मात्र कार्यालयले अनुमतिपत्र सम्बन्धी कारवाही अघि बढाउनेछ ।

(२) कार्यालयले आवश्यक ठानेमा प्राविधिक सहयोगको लागि विभागमा अनुरोध गर्न सक्नेछ ।

कान्तिका सेजुवाल
नगर प्रमुख

# चन्दननाथ नगरपालिकाको घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र जारी सम्बन्धी कार्यविधि, २०७५

नगर कार्यपालिकाबाट स्विकृत मिति २०७५।३।१५

प्रस्तावना :

सार्वजनिक निर्माण कार्यमा आवश्यक गुणस्तर कायम राख्न निर्माण व्यवसायीहरुको प्रवर्धन तथा विकास गरी निर्माण व्यवसाय संचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७५को दफा १०२ को उपदफा १ बमोजिम चन्दननाथ नगरपालिकाको नगर कार्यपालिकाबाट यो कार्यविधि बनाईएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम " घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र जारी सम्बन्धी कार्यविधि, २०७५ रहेको छ ।

(२) यो ऐन चन्दननाथ नगरपालिकाको नगर सभाबाट पारित भएपछि नगर क्षेत्र भित्र लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

क) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम चन्दननाथ नगरपालिका, नगर कार्यपालिकाद्वारा सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाउँछ ।

ख) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय संचालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनु पर्छ ।

ग) "इजाजतपत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि दफा ४ बमोजिम दिइने इजाजतपत्र सम्झनुपर्छ ।

घ) "संगठित संस्था" भन्नाले चन्दननाथ नगरपालिका, नगर कार्यपालिकाको आंशिक स्वामित्व भएको संगठित संस्था सम्झनुपर्छ ।

ङ) "प्राविधिक" भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न चन्दननाथ नगरपालिका, नगर कार्यपालिका तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनु पर्छ ।

च) "गुणस्तर" भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आव्हान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रस्तावको स्वीकृतिकर्ताको बीच भएको सम्झौतापत्र वा त्यस्तो सम्झौतापत्रको अभिन्न अंगको रुपमा रहेको कागजात, ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनु पर्छ ।

छ) "परिषद " भन्नाले दफा ९ बमोजिम गठित निर्माण व्यवसाय विकास परिषद्सम्झनु पर्छ ।

कल्पिका लेजुवाल
नगर प्रमुख

ञ) "समिति" भन्नाले दफा ११ बमोजिम गठित कार्यान्वयन समिति सम्झनु पर्छ ।

झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद -२

## इजाजतपत्र सम्बन्धी व्यवस्था

**३. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने:**

यस ऐन बमोजिम वा अन्य स्थानीय सरकार वा संघीय सरकारबाट इजाजतपत्र प्राप्त नगरी कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन । तर प्रचलित कानून बमोजिम उपभोक्ता समिति मार्फत वा जनसहभागितामा सञ्चालन गराइने सार्वजनिक निर्माण कार्य गर्न यस दफाले कुनै बाधा पुर्याएको मानिने छैन ।

**४. इजाजतपत्र :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले तोकिए बमोजिमकोढाँचामा तोकिए बमोजिमको दस्तुर सहित सार्वजनिक निर्माण कार्य गर्ने इजाजतपत्रको लागि समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा समितिले त्यस्तो दरखास्त उपर तोकिए बमोजिम जाँच बुझ गरी घ वर्गको इजाजतपत्र दिन चन्दननाथ नगरपालिका,नगर कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिबाट सिफारिस भै आएको दरखास्तवालालाई चन्दननाथ नगरपालिका,नगर कार्यपालिकाको कार्यालयले तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ ।

**५. इजाजतपत्रको अवधि र नवीकरण :**

(१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ६ बमोजिम खारेज भएको अवस्थामा बाहेक एक आर्थिक वर्षसम्म मान्य हुनेछ । इजाजतपत्र जुनसुकै मितिमा प्रदान गरेको भए तापनि सो आर्थिक वर्षको अन्त्यमा त्यस्तो इजाजतपत्रको अवधि समाप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र तोकिए बमोजिमको दस्तुर तिरी तोकिएकोअधिकारीबाट तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले तोकिए बमोजिमको थप दस्तुर तिरी तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउन सक्नेछ ।

**६. इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा समितिको सिफारिसमा चन्दननाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेमा

कान्तिका सेजुवाल
नगर प्रमुख

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले चन्दननाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा संगठित संस्थामा झुठ्ठा विवरण तथा तत्सम्बन्धी कागजात पेश गरेमा,

(ग) गुणस्तरयुक्त कार्य नगरेको ठहरेमा ।

(घ) तोकिएको समयमा काम सम्पन्न नगरेमा ।

(ङ) चरम लापरबाही गरी हानी नोक्सानी गरेमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न सात दिनकोमनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) दफा ५ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा त्यसको जानकारी सम्बन्धित फर्मलाई दिनुपर्नेछ।

## परिच्छेद - ३
## निर्माण व्यवसायीको दायित्व

**७. निर्माण व्यवसायीको दायित्व :**

(१) ठेक्का सम्झौतामा उल्लिखित शर्तहरुको अधीनमा रही सार्वजनिक निर्माण कार्य सम्पन्न गर्नु निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(२) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण तोकिए बमोजिम समिति समक्ष पेश गर्नु पर्नेछ ।

**८. निर्माण व्यवसायीहरुबाट गराउन सकिने सार्वजनिक निर्माण कार्य :**

सार्वजनिक निर्माण कार्य गराउँदा एक करोड रुपैयाँ सम्मको रकमको "घ" वर्गको निर्माण व्यवसायीबाट संचालन गराउन सकिने छ :- स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "रकम" भन्नाले ईष्टमेट अंक सम्झनु पर्छ ।

## परिच्छेद - ४
## निर्माण व्यवसाय विकास परिषद्र कार्यान्वयन समिति

**९. निर्माण व्यवसाय विकास परिषद्:**

(१) निर्माण व्यवसायलाई सुदृढ र सुव्यवस्थित रुपमा संचालन गर्न आवश्यक नीति तयार गरी सम्वन्धित निकायहरुलाई निर्देशन दिन देहाय बमोजिमको निर्माण व्यवसाय विकास परिषद गठन हुनेछ :

(क) नगर प्रमुख - अध्यक्ष

(ख) उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) बरिष्ठ इन्जिनियर - सदस्य

(ङ) नगरस्थित निर्माण व्यवसायी संघको अध्यक्ष वा निजलेतोकेको प्रतिनिधि - सदस्य

(च) जिल्लास्थित इन्जिनियर एशोसिएसनको प्रतिनिधि - सदस्य

नगर प्रमुख

(छ) योजना शाखा प्रमुख - सदस्य सचिव

(२) परिषदको बैठक सम्बन्धी कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. परिषदको काम, कर्तव्य र अधिकार :**

परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सार्वजनिक निर्माण कार्यमा गुणस्तर कायम राख्ने सम्बन्धमा आवश्यक नर्म्स तयार गर्ने,

(ख) सार्वजनिक निर्माण कार्यमा प्रस्तावक र प्रस्ताव स्वीकृतिकर्ता बीच हुने सम्झौतापत्र, करारका शर्तहरु तथा स्पेसिफिकेशन सम्बन्धी नमुना मसौदाको निर्माण तथा विकास गर्ने,

(ग) सार्वजनिक निर्माण कार्यसंग सम्बन्धित वातावरणीय पक्ष लगायतका अन्य विषयहरुमा आवश्यक कोडहरुको निर्माण तथा विकास गर्ने,

(घ) निर्माण व्यवसाय सुदृढ र सक्षम तरिकाबाट सञ्चालन गर्न आवश्यक जनशक्ति उत्पादनको लागि प्रशिक्षण तथा तालिम संचालन गर्ने,

(ङ) निर्माण व्यवसायसंग सम्बन्धित विषयमा आवश्यक अनुसन्धान तथा विकास गर्ने,

(च) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक अन्य कार्यहरु गर्ने ।

**११. कार्यान्वयन समिति :**

(१) निर्माण व्यवसायको प्रवर्धन तथा व्यवस्थापन गर्ने सम्बन्धमा चन्दननाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई आवश्यक सहयोग पुर्याउने देहाय बमोजिमको एक कार्यान्वयन समितिको गठन हुनेछ :

(क) इन्जीनियर - अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) नगर स्थित निर्माण व्यवसायी संघको प्रतिनिधि - सदस्य

(घ) कानूनी सल्लाहकार - सदस्य

(ङ) योजना शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

**१२. कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :** कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) निर्माण व्यवसायीलाई इजाजतपत्र प्रदान गर्न चन्दननाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्ने ।

(ख) निर्माण व्यवसाय सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी चन्दननाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष पेशगर्ने ।

(ग) सार्वजनिक निर्माण कार्यको गुणस्तर सम्बन्धमा कुनै प्रश्न उठेमा सम्बन्धित प्राविधिकबाट भएको जाँचपासको सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने गराउने ।

(घ) खण्ड (ग) बमोजिम जाँचबुझ गर्दा वा गराउँदा तोकिएको गुणस्तर कायम नराखी प्राविधिकबाट जाँचपास भएको देखिएमा त्यसबाट हुन गएको हानी नोक्सानी असुल

कान्तिका [illegible]
नगर प्रमुख

उपर गर्न त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद - ५
## कोष तथा लेखा परीक्षण

**१३. निर्माण व्यवसायी कोष :**

(१) सार्वजनिक निर्माण कार्यको गुणस्तर र निर्माण व्यवसायीहरुको कार्यक्षमतामा बृद्धि गराउन निर्माण व्यवसायीहरुलाई आवश्यक सेवा तथा सहयोग उपलब्ध गराउन एक निर्माण व्यवसायी कोषको स्थापना गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन :

(क) चन्दननाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त रकम,

(ख) निर्माण व्यवसायीहरुबाट तोकिए बमोजिम प्राप्त दस्तुर,

(ग) स्वदेशी वा विदेशी संघ संस्थाबाट प्राप्त रकम ।

(घ) केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(३) कोषकोखर्च परिषद्को निर्णय अनुसार हुनेछ ।

(४) उपदफा (१) बमोजिमकोकोषको संचालन तथा लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ६
## विविध

**१४. ठेक्का सम्बन्धी कागजात पठाउनु पर्ने :**

चन्दननाथ नगरपालिकाभित्र सार्वजनिक निर्माण कार्य गर्ने सम्बन्धमा भएको सम्झौता र सोसंग सम्बन्धित कागजातहरुको एक प्रति ठेक्का स्वीकृत गर्ने निकायले समितिमा पठाउनु पर्नेछ ।

**१५. सहुलियतमा पैठारी गरिएका सामानहरुको विवरण खुलाउनु पर्ने :**

द्विपक्षीय वा बहुपक्षिय सम्झौता बमोजिम गरिने सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिम प्राप्त सुविधा अन्तर्गत निर्माण व्यवसायीले नेपालभित्र पैठारी गरेको सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणहरुको विवरण तोकिए बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नु पर्नेछ ।

**१६. विदेशी निर्माण व्यवसायीले सहुलियतमा पैठारी गरेका मेशिनरी औजार आदि अन्यत्र प्रयोग गर्न नहुने :**

दफा १५ बमोजिम विदेशी निर्माण व्यवसायीले आयात गरेको सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणहरु जुन कार्यको लागि आयात गरिएको छ सोही कार्यको लागि मात्र प्रयोग गर्नु पर्नेछ । चन्दननाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वीकृति नलिई त्यस्ता सवारी साधन, मेशिनरी औजार, यन्त्र तथा उपकरणहरु अन्य कार्यको लागि प्रयोग गर्नु हुँदैन ।

**१७. विदेशी सरकार वा संस्थासंग भएको सम्झौता बमोजिम हुने :**

कान्तिका सेजुवाल
नगर प्रमुख

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चन्दननाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र विदेशी सरकार वा विदेशी सरकारको स्वामित्व भएको संस्था वा अन्तर्राष्ट्रिय संस्थाहरु बीच भएको अनुदान वा ऋण सहायता सम्वन्धी सम्झौता बमोजिम सार्वजनिक निर्माण कार्य गर्दा सोही सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

**१८. दण्ड सजाय :**

निर्माण व्यवसायीले प्रचलित कानून बमोजिम प्राप्त सहुलियत तथा सुविधाहरुको दुरुपयोग गरेमा त्यस्तो निर्माण व्यवसायीलाई चन्दननाथ नगरपालिका,नगर कार्यपालिकाको कार्यालयले त्यसरी दुरुपयोग भएको रकमको दोब्बर रकमसम्म जरिवाना गर्न सक्नेछ ।

**१९. उपसमिति गठन गर्न सक्ने :**

(१) परिषद्र समितिले आफ्नो कार्य संचालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि परिषद तथा समितिले तोके बमोजिम हुनेछ ।

**२०. इजाजतपत्रको प्रतिलिपि दिने :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा बासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा समितिले तोकिए बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनुपर्नेछ ।

**२१. अधिकार प्रत्यायोजन :**

यस ऐन बमोजिम चन्दननाथ नगरपालिका,नगर कार्यपालिकाकोकार्यालयलाई प्राप्त अधिकार मध्ये केही अधिकार चन्दननाथ नगरपालिका,नगर कार्यपालिकाको कार्यालयले तोकिएको अधिकारीलाई तोकिएको अवधिसम्मको लागि प्रत्यायोजन गर्न सक्नेछ ।

**२२. प्रचलित कानून बमोजिम हुने:**

यस ऐनमा लेखिए जति यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२३. नियम बनाउने अधिकार :**

यस ऐनको उद्देश्य पूर्तिको लागि चन्दननाथ नगरपालिका, नगर कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**२४. बचाउ :**

यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेकेदार सम्वन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै ऐन बमोजिम दिइएको मानिनेछ ।

कान्तिचन्द्र रेजुवाल
नगर प्रमुख

# शिक्षा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७४

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०३/१५

## चन्दननाथ नगरपालिका

## जुम्ला

# शिक्षा व्यवस्थापन सम्बन्धी कार्यविधि - २०७४, चन्दननाथ नगरपालिका

प्रस्तावना

एक्काइसौं शताब्दीसग प्रतिस्पर्धा गर्नसक्ने जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल चन्दननाथ नगरपालिकाको जनताको सदाचार, शिष्टाचार, नैतिकता र मानवीय मूल्यको प्रवद्र्धन गरी चन्दननाथ नगरपालिका भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक निकायहरूको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न, विद्यालयमा शान्तीपूर्ण र बालमैत्री वातावरण निर्माण गर्न विद्यालयको भौतिक, आर्थिक, शैक्षिक एवं प्रशासनिक/व्यवस्थापकीय पक्षलाई सुदृढीकरण गरी गुणस्तरीय शिक्षा प्राप्ति गर्न वान्छनीय भएकोले "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिनमा रही चन्दननाथ नगरपालिकाको नगरसभाले यो कार्यविधि बनाएको छ | शैक्षिक व्यवस्थापनका लागि चन्दननाथ नगरपालिले यस नगरपालिका अन्तर्गतका सम्पूर्ण शैक्षिक संस्थाहरुमा लागू हुने गरी यो कार्यविधि जारी गरेको छ |

## परिच्छेद - १
## प्रारम्भ

१) संक्षिप्त नाम विस्तार र प्रारम्भ :

क) यस कार्यविधिको नाम "शिक्षा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४" रहेको छ |

ख) यो कार्यविधि स्वीकृत मिति देखि लागू हुनेछ |

ग) यो कार्यविधि चन्दननाथ नगरपालिका भरी लागू हुनेछ |

२) परिभाषा :

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "पुर्वप्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको प्रारम्भिक बाल शिक्षा दिने विद्यालय सम्झनु पर्दछ |

ख) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ |

ग) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ

घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनु पर्छ |

ङ) "कार्यपालिका" भन्नाले चन्दननाथ नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ |

च) "कोष" भन्नाले शिक्षा विकाशका रुपमा खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ |

छ) "नगरपालिका" भन्नाले चन्दननाथ नगरपालिकालाई सम्झनुपर्छ |

ज) "नगर सभा" भन्नाले चन्दननाथ नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ |

झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशाशकिय अधिकृतलाई सम्झनुपर्छ

ञ) "प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र सम्झनु पर्छ |

ट) "आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बाल विकाश देखि कक्षा आठसम्म अध्यापन गराइने विद्यालय सम्झनु पर्छ |

ठ) "माध्यमिक विद्यालय" भन्नाले कक्षा नौ देखि कक्षा बार्हसम्म अध्यापन गराइने विद्यालय सम्झनुपर्छ |

ड) "विद्यालय " भन्नाले आधारभूत र माध्यमिक दुवै विद्यालय सम्झनु पर्छ |

ढ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा अभिवृद्धिमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ |

ण) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ |

नगर प्रमुख

त) "व्यवस्थापन समिति" भन्नाले दफा १८ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

थ) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

द) "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने विभाग/महाशाखा/शाखा वा ईकाईलाई सम्झनु पर्छ ।

ध) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले मुनाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

## परिच्छेद- २
## निर्देशक सिद्धान्त, उदेश्यहरू र नीतिहरू

३) निर्देशक सिद्धान्त तथा नीतिहरू :

क) उदेश्यहरू :

राज्यको मूल कानुनद्वारा निर्देशित सिद्धान्तलाई अवलम्बन गर्दै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक,रोजगारमूलक एवम् जनमुखी, जिवनपयोगि बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिकवान एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने र सोको नियमन गर्ने उदेश्य रहेको छ ।

ख) नीतिहरू :

१. विद्यार्थीको सम्पूर्ण व्यक्तित्व विकासलाई ध्यानमा राखी तल्ला तहका कक्षा शिक्षाको गुणस्तर बुद्धिमा जोड दिदै आधारभूत र माध्यमिक शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाउदै लगिनेछ ।

२. स्थानीय तहमा पाठ्यसामग्रीको सहज उपलब्धता, नवीनतम ज्ञान, खोज, सीप र प्रविधिको खोज अनुसन्धान गरी तिनको संरक्षण सम्वर्द्धन एवम् विद्यार्थी केन्द्रित प्रयोगात्मक सिकाइ शैली एवम् व्यवहारिक शिक्षामा जोड दिई स्तरीकरण गरिने छ ।

३. विद्यालयको आधारभूत भौतिक संरचनाको मापदण्ड निर्धारण गरी नियमित मर्मत सम्भार, सरसफाइ र गुणास्तरीयता कायम राख्न अभिभावक एंव सरोकारवालाहरुको योगदान र सहभागिता प्रोत्साहन गरिने छ ।

४. आधारभूत तहका तल्ला कक्षाका शिक्षामा मातृभाषालाई जोड दिदै क्रमशः नेपाली र अंग्रेजी भाषाको दक्षता बढाउदै गुणस्तर अभिवृद्धि गराइने छ ।

५. दृष्टिविहिन, न्युन दृष्टियुक्त, पूर्ण दृष्टिविहिन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्रिक अपांगता तथा श्रवणविहिन बालबालिकाको शिक्षाको लागि विशेष व्यवस्था गरिने छ ।

६. शैक्षिक दृष्टिले पछाडि पारिएका गरिव, जेहन्दार र दलित क्षेत्र र समुदायमा शिक्षाको पहुच तथा गुणस्तर कायम गर्न थप प्रयत्न गरिने छ ।

७. विद्यार्थीहरुलाई आफ्ना र अरुका परम्परागत संस्कृति, सीप श्रम र विविधताको सम्मान गर्ने मानसिकता प्रवद्र्धन गर्ने उदेश्य हुनेछ ।

८. विद्यालयलाई लैंगिक र वातावरणमैत्री बनाउदै वृक्षारोपण, करेशाबारी स्थापना र विकास गर्ने तर्फ जोड दिई विद्यार्थीलाई विश्व नागरिकका रुपमा जिम्मेवार बनाउने उदेश्य रहने छ ।

९. शिक्षकहरुको कार्य दक्षता मूल्यांकनमा अभिभावकको संलग्नता बढाउदै लैजाने र अभिभावक एंव विद्यार्थीहरु लाई विद्यालय प्रतिको कर्तव्य र उत्तरदायित्वको ज्ञान प्रदान गर्ने शिक्षामा जोड दिने तथा शिक्षक र अभिभावक दुवैलाई विद्यालयको गुणस्तर कायम राख्न जिम्मेवार बनाई उत्कृष्ट कार्य प्रर्दशन गर्ने विद्यालयलाई पुरस्कृत गर्दै लगिने उदेश्य हुनेछ ।

कान्तिका सेजवाल
नगर प्रमुख

१०. शिक्षालाई दलगत राजनीतिका नकारात्मक प्रभावबाट मुक्त राख्न प्रयत्न गरिने छ ।

## परिच्छेद - ३

४) शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

१. विद्यालयको तह २ प्रकारका हुनेछन् :

क) आधारभूत तह : प्रारम्भिक बाल शिक्षा तथा विकास देखि कक्षा ८ सम्म अध्ययन अध्यापन हुनेछ (कक्षा १- ३, कक्षा १ - ५, र कक्षा १ - ८ हुने छन )

ख) माध्यमिक तह : कक्षा ९ देखि १२ सम्म अध्यापन हुने

२. माध्यमिक शिक्षाको प्रकारः माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन :

क) साधारण माध्यमिक शिक्षा

ख) संस्कृत माध्यमिक शिक्षा

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

३. शिक्षाको माध्यम :

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

क) आधारभूत अन्तर्गत कक्षा ५ सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ,

ख) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

ग) अंग्रेजी भाषाबाट अध्यापन गराइने सामुदयिक विद्यालयलाइ थप प्रोत्साहित गरिनेछ

४. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्वन्धी व्यवस्था :

नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ

५. विद्यालयको वर्गीकरण : विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ ।

क) सामुदायिक विद्यालय

ख) संस्थागत विद्यालय

ग) गुठी विद्यालय

घ) साझेदारी । सहकारी विद्यालय

६. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने :

१) कुनै नेपाली नागरिक वा समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित नगर प्रमुख समक्ष शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तिमा दुई महिना अगाडि अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर शिक्षा शाखाबाट १५ दिनभित्र स्थलगत निरीक्षण गरी आवश्यक जाँचबुझ गर्दा मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा शिक्षा समितिको निर्णयबाट शैक्षिक सत्र शुरु हुनुभन्दा एक महिना अगाडि अनुमति दिन सकिनेछ ।

३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगर प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

४) प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्द्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा (टि-एसइइ) सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक

विद्यालयले आवेदन गरेमा नगर शिक्षा समितिको सिफारिसमा अनुमति प्रदान गर्न सकिनेछ । तर अनुमति दिनु अघि परिषद्द्वारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य नगर शिक्षा समितिले गर्नुपर्ने छ ।

५) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैन :

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

६) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :

क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने ।

ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने ।

घ) संस्थागत विद्यालय संचालन गर्न नियम अनुसार आवस्यक मापदण्ड प्रा भए मात्र अनुमति दिइनेछ ।

ङ) संस्थागत विद्यालयले शैक्षिक सत्रको शुरुमा नगर शिक्षा समितिको पूर्व स्वीकृत लिइ शुल्क निर्धारण गर्नेछ ।

च) संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुको सेवा सुविधा सामुदायिक विद्यालयका शिक्षक विद्यालयका शिक्षक बराबर हुनुपर्ने

छ) प्रत्येक वर्षको आय व्यय शैक्षिक शत्रको अन्त्यमा नगर शिक्षा समितिमा पेश गर्ने

ज) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ

७) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा नगर प्रमुख समक्ष आवेदन दिनु पर्ने छ । नगर कार्यपालिकाबाट सो को स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ

८) उपदफा (७) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था नगर शिक्षा समितिले तोके बमोजिम हुनेछन्

९) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन

१०) साझेदारी विद्यालयको सञ्चालन गर्न सरकारी विद्यालयको पूर्वाधार उपयोग गरेर निजी लगानीकर्ताले विद्यालय सञ्चालन गर्न सक्नेछन् । नगरपालिकाले आवश्यक ठानेमा आफू अन्तर्गतका कुनै विद्यालयलाई निशिचत शुल्क लिई गुणस्तरीय शिक्षा प्रदान गर्ने सर्तमा निश्चित अवधिका लागि साझेदारीमा सञ्चालन गर्न स्विकृति प्रदान गर्न सक्नेछ । यस प्रयोजनका लागि नगरपालिकाको शिक्षा शाखाले साझेदारीका सर्तहरु तयार गर्नेछ ।

क) कुनै पनि सामुदायिक, संस्थागत तथा साझेदारी विद्यालय वा संस्थाले आवासीय सुविधा सहितको विद्यालय सञ्चालन गर्न चाहेमा आवश्यक भौतिक लगायतका पुर्वाधार तयार गरि नगर शिक्षा समितिमा पेश गर्नु पर्नेछ, नगर शिक्षा समितिको सिफारिसमा मापदण्ड पुरा भएका विद्यालय वा संस्थालाई कार्यविधि तयार गरि सो का आधारमा सञ्चालन गर्न अनुमति प्रदान गर्न सक्नेछ तथा नगर क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयको सहभागितामा शैक्षिक गुणस्तर

नगर प्रमुख

सुधारका लागि आवासीय विद्यालयको सञ्चालन र व्यवस्थापन समेत नगरपालिकाले समेत गर्न सक्नेछ ।

७. **यस अघि दर्ता भएका विद्यालय सम्वन्धि व्यवस्था :** माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र संचालनमा रहेका विद्यालयहरू यसै ऐन बमोजिम सञ्चालन भएका मानिनेछन् । तर यस अघि संचालनमा भएका विद्यालयले नगर शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

८. **धरौटी राख्नु पर्ने :** संस्थागत विद्यालय खोल्ने अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नु पर्नेछ :

क) माध्यमिक विद्यालयको लागि चार लाख पचास हजार रूपैयाँ,

ख) आधारभूत विद्यालयको लागि दुई लाख पचास हजार रूपैयाँ,

ग) प्राथमिक विद्यालयको लागि एक लाँख पचास हजार रूपैयाँ ।

तर, विशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सिमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यपालिकाले धरौटी छुट दिन सक्नेछ ।

९. **धरौटी रकम जम्मा गरिने :**

(१) विद्यालयले दफा १२ बमोजिमको धरौटी बापतको रकम कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नपर्नेछ ।

(२) सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरूले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन वमोजिम पालना गर्नुपर्ने छ ।

(३) नगरपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।

(४) **बाल गृहको संचालनः** नगरपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले बाल गृह सञ्चालनगर्न पाउनेछ । बाल गृह संचालनको लागि आवश्यक प्रकृया नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

(५) **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

(६) **नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

क) नगरपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ । प्राथमिक तहको विद्यालयमा कुल ३० जना भन्दा कम विद्यार्थी भएमा नगर शिक्षा समितिको सिफारिसमा बाल शिक्षा केन्द्र मात्र कायम राखी त्यस माथिका कक्षाहरू वन्द गर्न सक्ने छ ।

ख) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा शिक्षा समिति मार्फत नगरपालिकामा स्वीकृतीका लागि पेश गर्नुपर्नेछ

ग) उपदफा (ख) बमोजिम पेश हुने आएको निवेदन उपर नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले नाम परिवर्तनको स्वीकृती दिन सक्नेछ ।

घ) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा कम्तिमा ३०,००,०००/- (तीस लाख रुपैया मात्र), आधारभूत तहको हकमा कम्तिमा १५,००,०००/- (पन्द्र लाख रुपैया मात्र) रुपैया प्रदान गरेमा व्यक्तिको नाममा

प्रमाणित प्रमुख प्रशासकीय अधिकृत / नगर प्रमुख

विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन । कुनै भवन वा ईकाइको नाम व्यक्तिले राख्न चाहेमा व्यक्तिले १०,००,०००। संरचना निर्माण सहयोग गरेमा उक्त भवन वा ईकाईको नामाकरण सम्बन्धित व्यक्तिको नाममा गर्न सकिनेछ ।

## परिच्छेद : ४

## शिक्षा सम्बन्धी संरचनागत सम्बन्धी व्यवस्था

१०) नगर शिक्षा समिति सम्बन्धी व्यवस्थाः

१. नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरूको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ :-

क) नगरपालिकाको नगर प्रमुख वा नगर प्रमुखबाट तोकिएको शिक्षा विषय हेर्ने नियुक्त कार्यपालिकाको सदस्य ------------- अध्यक्ष

ख) स्थानीय तहको क्षेत्र भित्र रहेका माध्यमिक विद्यालयहरू मध्ये बाट कम्तीमा १० वर्ष वा सो भन्दा माथि अनुभव भएका नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयका प्रधानाध्यापक र शिक्षणमा स्नातकोत्तर वा सोसरह योग्यता हासिल गरेका शिक्षकहरू मध्ये बाट नगरपालिका शिक्षक महासंघद्वारा चुनिएका एकजना महिला सहित दुई जना ---- सदस्य

ग) स्थानीय तहको क्षेत्रभित्र बसोवास भएका कम्तीमा ४० वर्ष उमेर पुगेको र शिक्षाको विकासमा उत्कृष्ट योगदान गरेका व्यक्ति मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना ---------- सदस्य

घ) नगरपालिका भित्रका सामुदायिक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरू मध्येबाट एक महिला सहित दुई जना ------------- सदस्य

ङ) स्थानीय तहमा दोस्रो स्थान रहेको राजनीतिक दलद्वारा मनोनित एक जना प्रतिनिधि ----- सदस्य

च) माथिका कुनै वर्गीकरणभित्र नपरेका नगरपालिका भित्रका दलित, अल्पसङ्ख्यक जातजाति, भाषिक वा धार्मिक समूहमध्येबाट समितिको बहुमतबाट मनोनित एक महिला सहित दुई जना ----- सदस्य

छ) विशेष शिक्षा, समावेशी शिक्षा वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी अपाङ्गता भएका एक महिला सहित दुई जना -------- सदस्य

ज) शिक्षा अधिकृत -------- सदस्य सचिव

२. सम्बन्धीत नगरपालिकामा खटिएका स्रोतव्यक्ति, कर्मचारी परिषद्हरूमध्येबाट प्रतिनिधि १ जना, नगर पालिका स्तरीय बाल क्लव संजालको प्रतिनीधि १ जना, नगरपालिकामा काम गर्ने दर्ता गरिएका गैर सरकारी संस्थाहरूको समूहबाट चुनिएका शिक्षा क्षेत्रमा काम गर्ने संस्थाका एक महिला सहित २ जनालाई आमन्त्रीत् सदस्यका रुपमा राखिनेछ ।

३. समितिको बैंठक सञ्चालन प्रकृया, बैंठक भत्ता तथा सेवा सुविधा नगर कार्यपालिका बाट तोकिए बमोजिम हुनेछ ।

४. पदेन सदस्य बाहेक मनोनित सदस्यहरूको पदावधि चार बर्षको हुनेछ ।

५. उपदफा (१) अनुसार नियूक्त सदस्यले पदीय आचरण पूरा नगरेको भनी नगर कार्यपालिकाको दुई तिहाई बहुमतले निर्णय गरेमा कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा बर्खास्त गर्नु अघि मनासीब माफिकको स्पष्टिकरणको मौकाबाट वंचित गरिने छैन ।

नगर प्रमुख

६. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीय तहको शैक्षिक कार्यक्रम तयार गर्ने, कार्यान्वयन गराउने ।

(ख) शिक्षामा सुशासन कायम गर्ने ।

(ग) शैक्षिक आवश्यकताका बारेमा प्रदेश तथा संघीय तहमा संवाद गर्ने ।

(घ) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ङ) नगरपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(च) विद्यालयहरूलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(छ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने

(ज) विद्यालयहरूको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने ।

(झ) नगरपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षकका सेवा, सुविधा र शर्तहरू स्वीकृत गर्ने ।

(ञ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(ट) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरू विकास गर्ने र प्रगति मूल्यांकन गर्ने

(ठ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने ,

(ड) शैक्षिक संस्था र शिक्षासंग आवद्ध शिक्षक कर्मचारीहरूलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने ।

(ढ) विशेषज्ञहरूको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(ण) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृती र अनुमतीको लागि नगरँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

(त) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी नगरपालिकामा पेसगर्ने

(थ) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

(द) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

(ध) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(न) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ।

(प) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने ।

(ब) नगर कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने

(भ) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्वन्धित तथ्याङ्कहरू राख्ने ।

(म) शिक्षामा सबै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरूलाई ग्यारेण्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरू सञ्चालनगर्ने ।

(य) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

८. नगरपालिका अन्तर्गतका शिक्षा सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न एक जना शिक्षा अधिकृत रहने छन् । निज को काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ.

(१) नगर स्तरीय शिक्षा योजना तर्जुमा गरी नगर कार्यपालिकामा पेश गर्ने ।

(२) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कर्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

(३) विद्यालय तथा शैक्षिक निकायहरूको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने ।

(४) नगर कार्यपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

कालिका ... 
नगर प्रमुख

(५) शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन गर्ने ।
(६) नगर शिक्षा समितिको सदस्य सचिवको भूमिकामा निर्वाह गर्ने
(७) शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

११ वडा शिक्षा समिति सम्बन्धी व्यवस्था :

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छ :

(क) सम्बन्धित वडाको वडाध्यक्ष ------------ संयोजक
(ख) वडा समितिका सदस्यहरू मध्ये वडा समितिले तोकेको १ जना -------- सदस्य
(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्ये वडा समितिले तोकेको १जना -- सदस्य
(घ) विद्यालयका प्रधानाध्यापक मध्येबाट नगर शिक्षा समितिले तोकेको २जना --- सदस्य
(ङ) वडा भित्रका शिक्षा प्रेमीहरू मध्येबाट वडा समितिले तेकेको १ जना --- सदस्य
(च) सम्बन्धित वडाका वडा सचिव ------------- सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो वडाको शैक्षिक अभिबृद्धिका लागि योजना तर्जुमा र समन्वय गर्ने ।
(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।
(ग) अभिभावक र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने ।
(घ) नगर शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।
(ङ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।
(च) वडा भित्रका विद्यालयको नियमित अनुगमन गर्ने ।

१२ शिक्षा परामर्श सभा :

(१) चन्दननाथ नगरपालिकाको समग्र शिक्षाको स्थिति आँकलन गरी नीति निर्देशन गर्नका लागि देहाय अनुरुपको सभा रहने छ :

क) नगरपालिकाको नगर प्रमुख वा नगर प्रमुख द्वारा तोकिएको शिक्षा क्षेत्र हेर्ने नगरपालिकाको सदस्य .................................. अध्यक्ष
ख) चन्दननाथ नगरपालिकाका शिक्षा समितिका सबै सदस्यहरू ..........................सदस्य
ग) नगर पालिकाका सम्पूर्ण वडाका वडाअध्यक्षहरू .......................................सदस्य
घ) समाजका लब्ध प्रतिष्ठित शैक्षिक व्यक्तिहरू..............................................सदस्य
ङ) सम्बन्धित क्षेत्रका समानुपातिक र निर्वाचित सांसद.................................. सदस्य
च) स्थानीय तह भित्र रहेका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू ........... सदस्य
छ) उद्योग व्यापारिक संस्थाका स्थानीय अध्यक्ष वा प्रतिनिधि ............ सदस्य
ज) स्थानीय तहका राजनीतिक दलका पालिका प्रमुखहरू ........................ सदस्य
झ) स्थानीय तहमा कार्यरत स्थानीय तहका प्रमुखहरू ....................... ............ सदस्य
ञ) चन्दनना नगरपालिका भित्रका सबै वि.व्य.स.अध्यक्षहरू........................... सदस्य
ट) चन्दननाथ नगरपालिकाभित्र कार्यरत गै.स.स.र नागरिक समाजका प्रतिनिधि .. सदस्य

कनकाका सेजुवाल
नगर प्रमुख

ठ) प्याब्सन प्रतिनिधि १ जना

........................................ सदस्य

ड) नगरलिकाको प्रमुख प्रशासकीय अधिकृत

........................................ सदस्य

ध) नगर शिक्षा समितिको सदस्य सचिव

........................................ सचिव

२. शिक्षा परामर्श सभाबाट गरिएका निर्णय र निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको नैतिक दायित्व हुनेछ ।

३. शिक्षा परामर्श सभाको बैठक बर्षमा शैक्षिक सत्र शुरु हुनुभन्दा तीन हप्ता अगाडि एक पटक बस्नेछ । तर नगर कार्य पालिकाको बैठकले शिक्षा सभाको बेठक बोलाउन आवश्यक ठानी बहुमतले निर्णय गरेमा पटक-पटक बैठक बोलाउन सक्नेछ ।

➢ शिक्षा परामर्श सेवाको काम कर्तब्य र अधिकार

१. साधारणतया बर्षको एक पटक चन्दननाथ नगरपालिकाका शिक्षाको अवस्था आँकलन गर्ने, निर्देशक सिद्धान्त र नीतिहरू सिफारिश गर्ने ।

२. नगरपालिकाका नगर प्रमुखबाट प्रस्तुत शैक्षिक कार्यक्रम र नीतिमाथि छलफल गरी नगरपालिका सभामा सिफारिश गर्ने ।

३. नगरपालिका क्षेत्रमा आवश्यक जनशक्तिको प्रक्षेपण गरी प्रादेशिक र संघीय सरकारलाई प्राथमिकता अनुसार आफ्नो उच्च तथा विविध शैक्षिक आवश्यकताको जानकारी दिन नगरपालिकालाई निर्देशन दिने ।

४. नगर सभाबाट गर्ने भनी तोकिएका अन्य कामहरू गर्ने ।

## परिच्छेद - ५
## विद्यालय व्यवस्थापन समिति

१३) सामुदायिक विद्यालय व्यवस्थापन समिति :

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) समितिका सदस्यहरूले (ख) र (घ) मध्येबाट छानेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट छानिएका कम्तीमा दुई महिला सहित चारजना -सदस्य

(ग) विद्यालय रहेको वडाका जनप्रतिनिधिहरू मध्य वडाध्यक्ष वा निजले तोकेको प्रतिनीधि एकजना -
सदस्य

(घ) विद्यालयका संस्थापक, बुद्धिजिवी, शिक्षा प्रेमी, विद्यालयलाई निरन्तर दश बर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका एकजना महिला सहित दुईजना -
सदस्य

(ङ) विद्यालयका शिक्षकहरूले आफुहरूमध्ये छानि पठाएको एक जना -सदस्य

(च) स्थानीय शिक्षाप्रेमी मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(ज) शैक्षिक बाहेक अन्य उद्योग बाणिज्य क्षेत्रमा संलग्न व्यक्ति मध्येबाट शिक्षा समितिले मनोनित गरेको एक जना

........................................ सदस्य

(झ) कुनै बर्गीकरणमा नपरेका नगरपालिका क्षेत्रभित्रका अल्पसङ्ख्यक, दलित, जातजाति, भाषिक वा धार्मिक समूह मध्येबाट नगरशिक्षा समितिका सदस्यहरूको बहुमतबाट नियुक्त एक

कान्तिका सेजुवाल
नगर प्रमुख

जना
सदस्य ...............................................................................................

(छ) विद्यालयको प्रधानाध्यापक ......................................................................-सदस्य-सचिव

(पुनश्च : बाल क्लबहरूको तर्फबाट १ जना बालक वा बालिकालाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागिता गराउनु पर्नेछ ।)

(२) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) शिक्षा हेर्ने अधिकृत र स्रोतव्यक्तिलाई बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिने छ ।

(४) नगरपालिका क्षेत्रभित्र शिक्षा क्षेत्रमा काम गर्दै आएका गैरसरकारी संस्थाका प्रतिनिधि आमन्त्रित सदस्यका रुपमा रहन सक्नेछन् ।

(५) साविकको वि.व्य.स.को म्याद सकिन एक महिना अघि साविकका एक महिला र एक पुरुष अभिभावक सदस्य रहने गरी नयाँ विद्यालय व्यवस्थापन समिति बनाएर हस्तान्तरण गर्ने ।

(६) विद्यालयलाई शान्ती क्षेत्र र बालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरू पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।

(७) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने ,

(च) संघीय तथा प्रादेशिक सरकारले निर्धारण गरेको ढाँचाभित्र रही पाठ्यक्रम तथा पाठ्यपुस्तक र एक वा एकभन्दा बढी भाषाहरू निर्धारण गर्ने ,

(छ) स्विकृत दरबन्दी अनुसारका शिक्षकहरूको खोजी गरी काममा लगाउने तथा नगर पालिका बाट स्वीकृत दवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने;

(ज) नगर शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(झ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने ,

(ञ) स्थानीय सरकारको ढाँचाभित्र रही विद्यालयको बार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरा शिक्षा समितिलाई दिने ,

(ट) विद्यालयको स्रोत साधनलाई ध्यानमा राखी नगर शिक्षा समितिको सहमतिमा विद्यालयमा आवश्यक पदहरू सिर्जना गर्ने र भर्नाको प्रक्रिया निर्धारण गर्ने ,

(ठ) प्रचलित कानुन बमोजिम योग्यता पुगेका व्यक्तिहरूमध्येबाट नगर शिक्षा समितिको सिफारिशको आधारमा प्रधानाध्यापक, अन्य शिक्षक र कर्मचारीहरू नियुक्ति गर्ने ,

(ड) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने ,

नगर प्रमुख

(ढ) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने;

(ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ,

(त) विद्यालय सुधार योजना निर्माण गरि लागु गर्नेछ ,

(थ) शिक्षा समितिले दिएका निर्देशनहरू पालना गर्ने ,

(द) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(८) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्ने छ ।

(९) नगर शिक्षा समितिले आवश्यक देखेमा नगर पालिकाको सहमतिमा एक भन्दा बढी विद्यालयहरूको संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरी व्यवस्थापन गर्न सक्ने छ ।

१०) वि.व्य.स.संघ :- सबै अभिभावक सदस्य मध्येका प्रतिनिधिबाट हरेक विद्यालयका प्रतिनिधिले छानी पठाएका सदस्यहरू एक वि.व्य.स.संघ रहने छ । जसले नगर पालिकामा विद्यालय व्यवस्थापन समिति र अभिभावकको प्रतिनिधित्व गर्नेछ ।

११) शिक्षक अविभावक संघः सबै विद्यालयमा शिक्षक र अविभावकहरू रहेका एक शिक्षक अविभावक संघ रहनेछ । यस सम्बन्धी कार्यविधि नगर शिक्षा समितिले तय गरे बमोजिम हुनेछ ।

१२) शैक्षिक गुठी सम्बन्धी विद्यालयको विद्यालय व्यवस्थापन

अ) अनुमति दिने आधार : कुनै व्यक्ति वा संस्थाले शैक्षिक गुठी सम्वन्धी विद्यालय सञ्चालनका लागि निवेदन दिएमा नगरपालिकाले आवश्यकता हेरी शिक्षा समितिको सिफारिसमा पूर्ण वा आंशिक अनुदान दिने वा नदिने गरी सम्झौता गरेर देहायको आधारमा अनुमति दिनेछ :-

१) विद्यालय व्यवस्थापनको दुरदृष्टि सहितको कम से कम ५ बर्षको कार्य योजना ।

२) सम्बन्धित विद्यालयका अधिकांश शिक्षक र वि.व्य.स.को लिखित सहमति ।

३) नगर पालिकामा आधारित स्रोतको मात्रा ।

४) आवेदकको विश्वसनियता प्रमाणित हुने ट्र्याक रेकर्ड ।

५) नगर पालिकाको कार्यपालिकाले निर्माण गरेको शर्त ।

आ) सेवा क्षेत्र तोकी सो क्षेत्रभित्रका सम्बन्धित उमेर समूहका कुनैपनि बालबालिका शुल्ककै कारणले विद्यालयमा पढ्नबाट बन्चित नहुने गरी अभिभावकहरूबाट शुल्क लिन सकिने ।

इ) समितिले वा शैक्षिक गुठिले एक बर्षको पुर्व सूचना दिई सम्झौता रद्द गर्न सकिने तर शैक्षिक सत्र समाप्त नभई दुवै पक्षले जिम्मेवारी कायम गर्नुपर्ने ।

ई) सरकारी शिक्षक काज सरह शैक्षिक गुठिमा आफ्नो पदावधि अनुसार काम गर्न सक्ने ।

उ) अन्य नियम कानुनले तोकेका सेवाका न्युनतम शर्त पालना गर्ने गरी शिक्षक/कर्मचारीको नियुक्ति गर्ने ।

ऊ) स्वामित्व हस्तान्तरण वा सम्पतिको अवमूल्यन नहुने गरी बन्द भाएका वा बन्द हुने अवस्थामा पुगेका सामुदायिक विद्यालय वा सार्वजनिक गुठिको सम्पति तोकिएको प्रयोजनका लागि उपयोग गर्न दिन सकिने छ ।

१३) संस्थागत विद्यालय व्यवस्थापन समिति, अनुमति, मापदण्ड निर्धारण, अनुगमन र नियमन

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ता मध्येबाट नगरपालिकाबाट मनोनित - अध्यक्ष

(ख) अभिभावक मध्येबाट कम्तीमा एक महिला सहित दुई जना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट नगर शिक्षा समितिबाट मनोनित एक -सदस्य;

[illegible] सेढुवाल
नगर प्रमुख

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा स्रोत व्यक्ति - सदस्य;

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एक - सदस्य;

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(३) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) नेपाल सरकार र नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने

(घ) प्रचलित कानुन बमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(ङ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,,

(च) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(छ) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षाक्षेत्रसँग सम्बन्धित सबै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने;

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४) संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित विद्यार्थीहरूलाई छात्रवृत्ति नगर शिक्षा समितिको सिफारिसमा उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा समिति र नगर शिक्षा शाखा समक्ष बुझाउनु पर्ने छ ।

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको छनौटको लागि आधार, शर्त र प्रकृया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

विद्यार्थीको शुल्क तथा शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्नेः नगर शिक्षा समितिले प्रत्येक वर्ष विद्यार्थीको शुल्क र संस्थागत विद्यालयका शिक्षकहरूको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ, ।

(३) अनुगमन तथा मूल्याङ्कन संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगरपालिका वा नगर शिक्षा समिति ले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन कार्यान्वियन गर्नु संस्थागत विद्यालयको दायित्व हुनेछ ।

(4) अनुमति वा स्वीकृति रद्द गर्ने : कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

कान्तिका सेजुवाल
नगर प्रमुख

## परिच्छेद - ६

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

१५) नगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्नेः

(१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरूमा आवश्यक पर्ने शिक्षकहरूको दरवन्दी निर्धारण नगरपालिकाले गर्नेछ ।

(२) नगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा आधारभुत तह (कक्षा १ ५) विद्यार्थी संख्याका आधारमा र आधारभुत तह (कक्षा ६ ८ ) एंव मा.वि तहमा विद्यार्थी संख्या एंव विषयगत आधारमा राष्ट्रिअय वा प्रादेशीक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ । तर नगरपालिका भीत्रका विद्यालयका विद्यार्थी संख्या, संचालित कक्षा तथा उपलब्ध शिक्षक दरवन्दी का आधारमा कार्यविधि तयार गरि नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले दरवन्दी मिलान गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी नगरपालिकाले राख्नु पर्नेछ ।

१६) शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताः शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

१७) शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन नगरपालिकामा सिफारिस गर्नेछः-

(क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा ,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा ,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा ३ वर्षको औषत शैक्षिक उपलब्धी ४०% भन्दा कम भएमा ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

कान्तिका सेजुवाल
नगर प्रमुख

## परिच्छेद - ७
## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

१८) १) प्रत्येक विद्यालयमा न्यूनतम हरेक कक्षाको कक्षागत शिक्षकको तलव र सेवा सुविधाको व्यवस्था नगर पालिकाले गर्नेछ | त्यस भित्र बाट विषयगत शिक्षकको व्यवस्था नगर शिक्षा समितिको सिफारिशमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिले गर्नेछ |

१९) शिक्षक महासंघ : सामुदायिक, शैक्षिक गुठी, तथा संस्थागत विद्यालयका शिक्षकहरूको पेशागत हकहितका लागि नगरपालिका स्तरको एक शिक्षक महासंघ रहने छ | शिक्षक महासंघका शिक्षकहरूले कुनै राजनीतिक दलको सदस्यता लिन नहुने | नगर शिक्षा समिति र अरु आधिकारिक एकाइमा आधिकारिक प्रतिनिधित्व शिक्षक महासंघका प्रतिनिधिहरूले गर्नेछन् | शिक्षक महासंघमा प्रतिनिधित्व गर्ने शिक्षकहरुले संगठनात्मक कामका लागि एक दिन हिउँदे र एक दिन वर्षे बिदाबाट कट्टि हुनेगरी बिदा लिन सक्नेछन् |

२०) शिक्षकको नियुक्तिः

१) विद्यालयमा कायम भएको रिक्त दरवन्दी शिक्षक पदमा करार नियुक्तिको व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ :

(क) सम्बन्धीत विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक

(ख) बिषयगत रोष्टर मध्येबाट नगर शिक्षा समिति अध्यक्षले तोकेको विषय विज्ञ एक जना - सदस्य

(ग) नगरपालिकाको शिक्षा अधिकृत - सदस्य

(घ) सम्बन्धीत विद्यालयको प्रधानाध्यापक -सचिव

२) समितिले आफ्नो कार्यविधि नगर शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ |

३) विद्यार्थी संख्या अनुपातमा अत्यन्त न्युन शिक्षक दरबन्दी, अनिवार्य विषय शिक्षकको अभाव भएका विद्यालयमा नगरपालिकाले शिक्षक नियुक्तिका लागि अनुदान दिन सक्नेछ | सो अनुदानमा शिक्षक नियुक्ति दफा २४ (१) बमोजिम हुनेछ |

४) हालसम्म कार्यरत अस्थायी, स्थायी र करार शिक्षकको सेवा सुविधा घटाइने छैन |

५) विद्यालय व्यवस्थापन समितिको सिफारिशमा नगर शिक्षा समितिको दुई तिहाई बहुमतले शिक्षकको सरुवा र अवकाश गर्न सकिने |

६) नयाँ नियुक्ति हुनेलाई करारमा नियुक्ति, सेवाका शर्त र सुविधा नगर शिक्षा समितिले तोकेको सीमा बमोजिम वि.व्य.स.बाट हुने |

७) करार शिक्षकलाई बिदा, लगानी कोषमा बचत,बीमा सुविधा र कार्यप्रदर्शनका आधारमा पदोन्नतिको व्यवस्था गरिने छ |

८) विद्यालयमा शिक्षक दरबन्दि रिक्त भएमा तोकिएको आवश्यक योग्यता व्यक्तिमध्येबाट आवश्यक प्रक्रिया पुर्याई विद्यालय व्यवस्थापन समितिले नियुक्ति गर्ने |

९) स्थान विशेषमा आवश्यक तोकिएको शिक्षक नपाइएमा शिक्षा समितिको सिफारिशमा वि.व्य.स.ले गर्न सक्ने छ |

१०) शैक्षिक गुठी र संस्थागत विद्यालयलाई तोकिएको मापदण्ड बमोजिम शैक्षिक योग्यता र न्युनतम तलब, अरु सेवाका शर्त र सुविधा वि.व्य.स.को निर्णय अनुसार गरिने छ |

११) शिक्षक तथा कर्मचारीलाई देहायको आधारमा पदबाट हटाइने छ :-

क) बिना सूचना लगातार पन्ध्रदिनसम्म अनुपस्थित रहेमा |

ख) तोकिए बमोजिम पदीय दायित्व पूरा नगरेमा |

ग) विद्यालयमा लगातार माधकपदार्थ सेवन गरी विद्यालयमा आउने गरिरहेको प्रमाणित भएमा रहेमा |

घ) नैतिक पतन देखिने कुनै फौँजदारी अभियोगमा अदालतबाट सजाय पाएमा |

कालिका सेजुवाल
नगर प्रमुख

ङ) सामुदायिक विद्यालयका शिक्षक र कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन गरेमा वा अन्य कुनै व्यवसाय गरेमा ।

च) संस्थागत विद्यालय, कोचिङ्ग क्लकतष्तगतभ, शैक्षिक परामर्श सेवा जस्ता व्यवसाय चलाएमा वा लगानी गरेमा ।

छ) कुनै राजनैतिक दलको सदस्य रहेको वा विद्यालय सञ्चालनका समयमा कुनै दलको प्रचार प्रसारमा सक्रियता रहेमा । तर पठनपाठनमा बाधा नपर्नेगरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काममा संलग्न रहेमा यो दफाले बाधा गर्ने छैन ।

२१) प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः

(१) सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्तिको व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ख) आधारभूत तहमा प्रधानाध्यापक हुन स्नातक उपाधि प्राप्त स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ग) प्रधानाध्यकपले नियुक्ति हुनु पूर्व पाँच बर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्ने छ ।

(घ) प्रधानाध्यापकको अवधी ५ वर्षको हुनेछ । निज बढीमा २ कार्यकाल मात्र सो पदमा बहाल रहन पाउनेछ ।

(ग) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तब्य हुनेछ ।

(घ) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेके नपाईएमा नगर शिक्षा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टिकरण सहित सफाइको मौका दिइनेछ ।

कान्तिका सेजुवाल
नगर प्रमुख

२२) शिक्षकको सरुवाः

(१) स्थायी शिक्षकको हकमा निजले कुनै एक विद्यालयमा अधिकतम ५ वर्ष सेवा गरेपश्चात अर्को विद्यालयमा सरुवा हुनुपर्ने छ । यसरी सरुवा गर्दा अर्को विद्यालयको छनोट सम्बन्धित शिक्षकको रोजाई र प्राथमिकतामा हुने छ । तर सो विद्यालयमा आफ्नो विषयको दरबन्दी खाली हुनुपर्ने छ ।

(२) न्यूनतम २ वर्ष एकै विद्यालयमा अध्यापन गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा नगर शिक्षा समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा नगर शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका दरबन्दी उपलब्ध भएका र सम्बन्धित विद्यालय व्यवस्थापन समितिले सहमति प्रदान गरेको विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ । विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

२३) दरबन्दी मिलानः

(१) नगर शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरबन्दी मिलानका लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइने छ ।

२४) शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानुन बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ती पाएका करार शिक्षककहरूको बढुवा हुनेछैन् ।

२५) शिक्षकलाई अन्य काममा लगाउन नहुने :

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

२६) कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) नगर प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षहरूसँग सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरू निर्धारण गर्ने कार्य नगर शिक्षा समितिले तयार पारी नगर कार्य पालिकामा पेश गर्नु पर्नेछ ।

२७) कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार

(१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरूको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

कालिका सेजुवाल
नगर प्रमुख

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ८
## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालनर व्यवस्थापन

२८) विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा बाल मैत्री वातावरण हुनु पर्नेछ ।

(३) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(४) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्ने छ ।

२९) विद्यालयको सम्पत्तिः

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ ।

३०) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले भोग चलन गर्न सक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिकाको रहने छ ।

३१) विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः

(१) विद्यालयले नेपाल सरकार र स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ

जानुका सेपुवाल
नगर प्रमुख

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरूको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र नगर शिक्षा समितिमा माग गर्नुपर्नेछ ।

(३) नगर शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरूमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ । यसको लागि पाठ्पुस्तक विद्यालय व्यवस्थापन समितिले निर्णय गरी लागु गर्न सक्ने छ ।

(६) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध हुनु पर्नेछ ।

३२) **अतिरिक्त शैक्षिक कृयाकलाप** : विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक कृयाकलाप हरू बालक्लव, तथा वातावरण मैत्री क्लवहरू गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामूखी कृयाकलापहरू सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद - ९
## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

३३) नगरपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरूमा परीक्षा सञ्चालनतथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालनतथा समन्वय समिति रहनेछ ।

(क) शिक्षा समितिको अध्यक्ष - अध्यक्ष
(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी - सदस्य
(घ) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय - सदस्य
(च) शिक्षा अधिकृत - सदस्य सचिव

(१) परीक्षा सञ्चालनतथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) स्थानीय तहको क्षेत्रधिकार वाहिरको शैक्षिक तहको परीक्षा सञ्चालनगर्न सम्वन्धित निकायबाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(३) कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन नगर कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ । यसका लागि सम्वन्धित कक्षाका विद्यार्थीहरूबाट परीक्षामा लाग्ने खर्च प्राप्त गर्न परिक्षा शुल्क लिन सक्ने छ ।

(४) उपदफा २ र ३ वाहेकको कक्षाहरूको परीक्षा नगर शिक्षा समितिको सिफारिस बमोजिम एकरुपता कायम हुने गरि नगरपालिका वा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्ने छ ।

## परिच्छेद - १०
## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन,

कान्तिका सेजुवाल
नगर प्रमुख

३४) विद्यालय कोषः (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) स्थानीय तह मार्फत नेपाल सरकार प्रादेशिक सरकारबाट प्राप्त अनुदान रकम ।

(ख) नगरपालिकाबाट प्राप्त अनुदान ।

(ग) नगरपालिका शिक्षा कोषबाट प्राप्त रकम ।

(घ) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

३५) अनुदानको व्यवस्था :

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई नियमित र थप ( नमूना विद्यालय, अंग्रेजी माध्यम, प्रोत्साहन आदी ) अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीलाई देहायको आधारमा अनुदान दिन सकिने छ

क) विद्यालयमा विद्यार्थी सङ्ख्या

ख) विद्यालयको शिक्षक सङ्ख्या

ग) विद्यालयको परीक्षाको परिणाम

घ) विद्यालयको आर्थिक अवस्था

(३) विशेष क्षेत्रका विद्यार्थी र विद्यालयहरुमा अनुदान उपलब्ध गराइने छ ।

(४) नगरपालिकाले बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

३६) बजेट तयार गर्ने : प्रधानाध्यापकले प्रत्येक वर्षको चैत्र मसान्त भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

३७) लेखा व्यवस्थापन :

(१) सबै विद्यालयहरूले प्रचलित कानून अनुसारको ढाँचामा आय व्यायको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) नियमित कारोबारको लेखा राख्न बेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

३८) सामुदायिक विद्यालयको खाता सञ्चालन

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता सञ्चालनप्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालनगर्नुपर्नेछ ।

३९) लेखा परीक्षण तथा सामाजिक परीक्षण

(१) सबै विद्यालयहरूले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको रजिष्ट्राड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र नगर शिक्षा समिति मार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको शैक्षिक उपलब्धी, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

नगर प्रमुख

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनु पर्नेछ ।

४०) छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

४१) शुल्क सम्बन्धी व्यवस्थाः

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन तर सामुदायिक विद्यालयले अनुदानबाट खर्च नव्यहोरिएका विद्यार्थीहरु मध्येका शुल्क तिर्न राजी अभिभावकहरूबाट शुल्क उठाउन सकिने ।

(२) सबै बालबालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(३) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(४) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमकोशुल्क लिन पाउने छैन ।

(५) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरूलाई आधार लिइने छ ।

(७) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

४२) विद्यालयलाई छुट र सुविधा

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद - ११

## विविध

४३) नगरपालिकाले निर्देशन दिन सक्नेः

(१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित निर्देशनहरू विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

४४) शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा, कोचिंग कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

अन्जिका रेजुवाल
नगर प्रमुख

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

४५) **प्रगति विवरण बुझाउनु पर्ने :** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगर पालिकामा बुझाउनु पर्नेछ ।

४६) **शिक्षक वा कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने:** विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालनगर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न पाउने छैन ।

(क) सामुदायिक विद्यालयमा अध्ययनरत शिक्षक कर्मचारी तथा जनप्रतिनीधि अभिभावक र बालबालिकाहरूलाई प्रोत्साहन दिईनेछ ।

४७) नगर शिक्षा समिति कोष

(१) नगर शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका विपन्न, प्राकृतिक प्रकोप पीडित र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ :

(क) स्थानीय तह मार्फत सङ्घीय सञ्चित कोषबाट प्राप्त अनुदान रकम ।

(ख) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान ।

(ग) संस्थागत विद्यालयबाट प्राप्त बार्षिक आम्दानिको तोकिए बमोजिमको रकम ।

(घ) शुल्क तथा सहयोगबाट प्राप्त रकम ।

(ङ) शैक्षिक सेवा शुल्कबाट उठेको रकम ।

(च) चन्दा वा दान दातव्यबाट प्राप्त रकम ।

(छ) स्थानीय तहबाट विनियोजित वा अनुदान प्राप्त रकम ।

(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन नगरपालिकाको नगर प्रमुख, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकृत रहेको ३ सदस्यीय समितिबाट हुनेछ ।

४८) दण्ड सजायः

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी बिगो बमोजिम जरिवानागर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछः–

(क) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्यगरेमा,

(ख) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेशगर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्ग गरेमा,

(ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(घ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(ङ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पुर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(च) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) विद्यालयको शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछ ।

४९) पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ

५०) नियम बनाउने अधिकारः

नगर प्रमुख

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर पालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगर शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

५१) संक्रमणकालीन व्यवस्था :

(१) यस कार्यविधिले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम प्रदेश सभाको कानून नआउँदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो कार्यविधि जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति नगर कार्य पालिकाले दिन सक्नेछ ।

५२) बाधा अड्काउ फुकाउने अधिकारः

यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ पालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

५३) बचाउ र लागू नहुनेः

(१) यो कार्यविधि अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिनाहा गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधानसँग बाझिएको यस कार्यविधिका दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वतः निश्क्रीय हुनेछ ।

कान्तिका सेजुवाल
नगर प्रमुख